जीतपुरसिमरा उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय जीतपुर,बारा

यस उपमहानगरपालिका क्षेत्र भित्र उत्सर्जन हुने फोहोर संकलन तथा व्यवस्थापन गर्ने कार्यका लागी

## प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०७७।१०।०७

यस उपमहानगरपालिका क्षेत्र भित्र उत्त्सर्जन हुने विभिन्न फोहोर मैलाहरु उत्पादन हुने स्थानमानै गई संकलन गर्ने तथा सम्बन्धित संस्था आफैले ल्यान्डफिल्ड व्यवस्थापन सम्वन्धी कार्य गर्न सम्वन्धीत क्षेत्रमा कार्य गरि रहेका ईच्छुक फर्म वा कम्पनीले तपशिल वमोजीमका शर्तहरुको अधिनमा रहि प्राविधिक र आर्थिक प्रस्ताव (प्रत्येकको छुट्टा छट्टै खाममा) यो सुचना प्रथम पटक प्रकाशित मितिले ३०(तिस) दिन भित्र पेश गर्नु हुन सम्वन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशील

१. फोहोर मैला व्यवस्थापन सम्वन्धी कार्य गर्न ईच्छुक फर्म वा कम्पनीले आफनो फर्म वा कम्पनी दर्ता तथा नबिकरण ईजाजतको प्रतिलिपि, मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व. ०७६।०७७ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरि यो सुचना प्रथम पटक प्रकाशित मितिले ३० दिन भित्र रु. ३,०००।०० नगदै तिरि आर्थिक प्रस्ताव फारम खरिद गर्नु पर्ने छ।

२. खरिद गरिएको आर्थिक प्रस्ताव फारम र फर्म कम्पनीले आफनो तर्फवाट कम्तीमा देहायको विवरण खुल्ने गरि तयार गरिएको प्राविधिक प्रस्ताव छट्टा छट्टै खाममा शिलवन्दी गरि कार्यालयलाई खाम वाहीर सम्बोधन गरि आर्थिक र प्राविधिक प्रस्ताव भनी छुट्टा छट्टै प्रस्ताव दाताको नाम ठेगाना उल्लेख गरि यो सूचना प्रकाशित मितिले ३१ औ दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ ।

३.फोहोरमैला संकलन तथा व्यवस्थापन कार्य गरे बापत सेवाग्राही सँग लिने शुल्क उपमहानागरपालिकाको आर्थिक ऐन,२०७७ बमोजिम हुनेछ । सो कार्यका लागी यस उपमहानगरपालिकालाई कुनै आर्थिक तथा भौतिक दायित्व सिर्जना नहुने गरी गर्नुपर्ने छ ।

प्राविधिक प्रस्तावमा पेश गर्नु पर्ने न्यूनतम विवरण

- फर्म वा कम्पनीको सम्बन्धीत कार्य क्षेत्र सम्वन्धी अनुभव कम्तीमा ३ वर्षको हुनु पर्ने छ ।
- हेभी सवारी चालक ४,बजार प्रतिनिधी ५,कुचीकार २५,सरसफाई व्यवस्थापक १ सहितको व्यवस्थापन टिम हुनु पर्ने छ ।हाल कार्यरत सरसफाईकर्मीलाई नहटाइ नपुग कर्मचारी संस्थाले व्यवस्थापन गर्नुपर्नेछ ।
- जे.सी.भी. मेसिन - १,हेभी ट्रिपर - १,मिनि ट्रिपर - २,सानो ट्रिपर(२ टन) - ३,रिक्सा-१० समेतको मेसिन औजार फर्म/कम्पनीको स्वामित्वमा हुन् पर्ने छ ।
- फर्म वा कम्पनीको चालु पूंजी र शेयर रकम सम्वन्धी विवरण र सो लाई पुष्टयाई गर्ने विवण संलग्न गर्नु पर्ने छ।

३. पेश भएको प्राविधिक र आर्थिक प्रस्ताव मध्ये प्राविधिक प्रस्ताव ३१.०० औ दिनको २.०० वजे यस कार्यालयमा प्रस्ताव दाता वा प्रतिनिधी र कार्यालयका प्रतिनिधीको रोहवरमा खोलिने छ । प्रस्ताव दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्राविधिक प्रस्ताव खोल्न वाधा पर्ने छैन ।

४. प्राविधिक प्रस्ताव कार्यालयले मुल्यांकन गरि उक्त मुल्यांकनमा उतिर्ण प्रस्ताव दाताको मात्र आर्थिक प्रस्ताव,प्रस्ताव दाता वा निजको प्रतिनीधी र कार्यालयका प्रतिनिधीको रोहवरमा कार्यालयले तोकेको समयमा खोलिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

चेत कुमार पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner